जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १७२ • २०८३ साल मंसिर ९ गते बुधबार (25 November, Wednesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

सोमबारदेखि जनकपुरधाम-अयोध्या रेल सेवा नियमित गुड्ने

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम र भारतको अयोध्याधामबीच सञ्चालन हुने सरयू-कमला एक्सप्रेस रेल सेवा आगामी सोमबारदेखि नियमित सञ्चालन गर्ने तयारी गरिएको छ । नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले अर्को सातादेखि नियमित रेल सेवा शुरु हुने जानकारी दिँदै यसले जनकपुरधामलाई भारतको धार्मिक पर्यटन सञ्जालसँग जोड्ने बताए ।

उनका अनुसार नियमित सेवा सुरु भएपछि अयोध्याबाट जनकपुरधाम आउने तथा जनकपुरधामबाट अयोध्या जाने तीर्थयात्री र सर्वसाधारणलाई रेलमार्गबाट यात्रा गर्न सहज हुनेछ ।

प्रधानमन्त्री बालेन्द्र साह (बालेन) र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार भारतको नयाँदिल्लीबाट संयुक्त रूपमा भर्चुअल माध्यमबाट रेल सेवाको उद्घाटन गरेका थिए । उद्घाटनपछि सोमबार अयोध्याधामबाट प्रस्थान गरेको रेल विभिन्न स्टेसन हुँदै मंगलबार बिहान जनकपुरधाम आइपुगेको थियो ।

करिब ६०४ किलोमिटर लामो यात्राका क्रममा रेल भारतको उत्तर प्रदेश र बिहारका विभिन्न सहर हुँदै नेपाल प्रवेश गरेको थियो । मन्कापुर, बस्ती, गोरखपुर, नरकटियागञ्ज, रक्सौल, सीतामढी, शिशो, मधुबनी र जयनगरलगायतका स्टेसन हुँदै रेल जनकपुरधाम आइपुगेको थियो ।

१७ वटा डिब्बा रहेको रेलमा स्लिपर, एसी थ्री टियर, एसी थ्री टियर इकोनोमी र एसी टु टियरका सुविधा उपलब्ध छन् ।

अयोध्या-जनकपुरधाम रेल सेवा सञ्चालनले धार्मिक पर्यटन विस्तारको सम्भावना बढाए पनि त्यसबाट स्थानीय अर्थतन्त्रलाई लाभ पुऱ्याउनु चुनौतीपूर्ण रहेको सरोकारवालाको भनाइ छ ।

जनकपुरधाम-४ का स्थानीय व्यवसायी पुरुषोत्तम साहले अयोध्याबाट आउने पर्यटकलाई जानकी मन्दिरको दर्शन गराएर केही घण्टामै फर्काउनेभन्दा जनकपुरधाम तथा आसपासका धार्मिक र पर्यटकीय स्थलको भ्रमण गराउने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

उनका अनुसार तीर्थयात्रीको बसाइ अवधि बढाउन सके स्थानीय होटल, रेस्टुरेन्ट, यातायात, हस्तकला तथा अन्य व्यवसायले प्रत्यक्ष लाभ लिन सक्छन् । त्यसका लागि धार्मिक स्थलको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार विकास र व्यवस्थित भ्रमण प्याकेज निर्माणमा ध्यान दिन आवश्यक छ ।

अयोध्याबाट आए ४०० तीर्थयात्री

जनकपुरधाम- अयोध्याधामबीच धार्मिक पर्यटन तथा सांस्कृतिक सम्बन्ध विस्तार गर्ने विश्वास

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम र अयोध्याबीचको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यले सञ्चालन गरिएको रेल सेवामार्फत करिब ४०० भारतीय तीर्थयात्रीलाई जनकपुरधाममा भव्य स्वागत गरिएको छ । लामो समयदेखि प्रतीक्षामा रहेको जनकपुरधाम-अयोध्याधाम रेल सेवा 'सरयू-कमला एक्सप्रेस' जनकपुरधाम आइपुगेपछि दुई धार्मिक सहरबीचको आवागमन सहज हुनुका साथै धार्मिक पर्यटन प्रवर्द्धनको नयाँ सम्भावना खुलेको छ ।

जनकपुरधाममा आइपुगेका तीर्थयात्रीलाई सयपत्री फूलको माला तथा खादाले स्वागत गरिएको थियो । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र संघीय श्रम, रोजगार तथा युवा मन्त्री रामजी यादवले संयुक्त रूपमा तीर्थयात्रीको स्वागत गरेका थिए । उनीहरूको स्वागतका लागि स्टेसन परिसरमा सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको थियो ।

स्वागत समारोहमा श्रममन्त्री रामजी यादवले जनकपुरधाम-अयोध्या रेल सेवा नेपाल र भारतबीचको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने महत्वपूर्ण माध्यम भएको बताए । उनले यस सेवाले धार्मिक पर्यटन प्रवर्द्धनसँगै व्यापार, रोजगारी र उद्यमशीलताका नयाँ अवसर सिर्जना गर्ने विश्वास व्यक्त गरे ।

जनकपुरधाम र अयोध्याबीचको सम्बन्ध यातायातमा मात्र सीमित नभई पारिवारिक, सांस्कृतिक, धार्मिक र भावनात्मक सम्बन्धसमेत रहेको उल्लेख गर्दै उनले रेल सेवाले दुवै देशका नागरिकबीचको आत्मीयता अझ मजबुत बनाउने बताए ।

उनले भने, "अयोध्या र जनकपुरधामबीचको सम्बन्ध दुई सहरको सम्बन्ध मात्र नभई बेटी-ज्वाइँ, परिवार, संस्कृति, परम्परा, आस्था र आत्मीयताको सम्बन्ध हो ।"



विवाहपञ्चमी महोत्सव नजिकिँदै गरेको अवस्थामा अयोध्याबाट जनकपुरधाम आउने श्रद्धालु तथा भक्तजनका लागि रेल सेवा निकै उपयोगी हुने मन्त्री यादवको भनाइ थियो । रेल सेवाले जनकपुरधामको धार्मिक तथा सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गर्नुका साथै स्थानीय होटल, रेस्टुरेन्ट, यातायात, हस्तकला, होमस्टे र साना व्यवसायको विकासमा समेत योगदान पुऱ्याउने उनले अपेक्षा गरे ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले अयोध्या-जनकपुरधाम रेल सम्पर्क विस्तारले नेपाल र भारतबीचको यातायात सहकार्य, धार्मिक पर्यटन तथा आर्थिक विकासलाई थप गति दिने बताए । रेल सेवा सञ्चालनका लागि ऐतिहासिक पहल गरेकोमा दुवै देशका प्रधानमन्त्री तथा सम्बन्धित निकायप्रति उनले आभार व्यक्त गरे ।

मुख्यमन्त्री यादवले नेपाल-भारतबीचको 'बेटी-रोटी' सम्बन्धलाई व्यवहारमा सहज बनाउन सीमापार आवागमनका अवरोध हटाउनुपर्नेमा जोड दिए । अयोध्याबाट सिधै जनकपुरधाम रेल आइपुग्नु ऐतिहासिक उपलब्धि भएको उल्लेख गर्दै उनले मिथिलावासीको लामो समयदेखिको चाहना पूरा भएको बताए । अब जनकपुरधाम र अयोध्यालाई रेलमार्गसँगै हवाईमार्गबाट समेत जोड्नुपर्ने उनको धारणा थियो ।

उनले रेलमार्गबाट आउने तीर्थयात्रीलाई सहज भए पनि सडकमार्ग हुँदै नेपाल आउने भारतीय पर्यटकले सीमा क्षेत्रमा भन्सार प्रक्रियाका कारण सास्ती खेप्नुपरेको बताए । भारतीय पर्यटक बोकेर आउने बसलाई २४ घण्टासम्म भन्सार छुटको व्यवस्था गर्न नेपाल सरकारसँग आग्रह गर्दै उनले पर्यटक बोकेका सवारीसाधनलाई अनावश्यक प्रशासनिक प्रक्रियामा अल्झाउन नहुने बताए ।

त्यस्तै जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासले भगवान् श्रीराम र माता सीताको वैवाहिक सम्बन्धले जोडिएका जनकपुरधाम र अयोध्यालाई रेलमार्गले जोड्ने पहल दुवै देशका नागरिकका लागि ऐतिहासिक उपलब्धि भएको बताए ।

नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीका अनुसार १७ वटा डब्बासहितको सरयू-कमला एक्सप्रेस मंगलबार बिहान ९:१५ बजे जनकपुरधाम रेल्वे स्टेसन आइपुगेको थियो । रेलमा आएका भारतीय रेल्वे कम्पनीका प्रतिनिधि तथा तीर्थयात्रीलाई स्वागत तथा सम्मान गरिएको थियो ।

तीर्थयात्रीका लागि जानकी मन्दिरलगायत जनकपुरधामका प्रमुख धार्मिकस्थलमा पूजाआजा तथा दर्शनको व्यवस्था मिलाइएको थियो । स्वागत, सम्मान र धार्मिकस्थलको दर्शनपछि उनीहरूलाई मंगलबार नै पुनः बिदाइ गरिएको प्रबन्ध सञ्चालक पराजुलीले जानकारी दिए ।

नेपाल-भारत सरकारको सहयोगमा आधुनिक ब्रोडगेज रेलमार्ग निर्माण तथा विस्तार भएपछि सन् २०२२ मा जयनगर-कुर्था रेल सेवा पुनः सञ्चालनमा आएको थियो । त्यसको एक वर्षपछि जनकपुरधामस्थित कुर्थाबाट भंगहा-बिजलपुरासम्म रेल सेवा विस्तार गरिएको थियो ।

सरयू-कमला एक्सप्रेसको सञ्चालनले अब जनकपुरधाम र अयोध्याबीचको धार्मिक सम्बन्धलाई प्रत्यक्ष यातायात सम्पर्कसँग जोडेको छ ।

कमलामा देवी मेलाको रौनकः धामीझाँक्री र श्रद्धालुको घुइँचो

टुडे समाचारदाता

जनकपुरधाम । मिथिलाको पौराणिक, धार्मिक तथा सांस्कृतिक परम्परासँग जोडिएको कमला नदीमा लाग्ने देवी मेलामा यस वर्ष पनि श्रद्धालु भक्तजनको ठूलो भीड लागेको छ। धनुषा-सिरहाको सिमाना भएर बग्ने कमला नदीको उत्तरवाहिनी क्षेत्रमा प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमाका दिन लाग्ने यस मेलामा मधेसका विभिन्न जिल्लासहित छिमेकी भारतका हजारौँ श्रद्धालु सहभागी भएका छन् । धार्मिक विश्वास, तान्त्रिक साधना र पुर्स्तौंदेखि चल्दै आएको धार्मिक आस्थाको संगमका रूपमा रहेको यस मेलालाई कमलामाई मेला तथा धामीझाँक्रीको मेलाका रूपमा समेत चिनिन्छ ।

कार्तिक शुक्ल पूर्णिमाको अवसरमा लाग्ने यस मेलामा धनुषा, सिरहा, सप्तरी, महोत्तरी, उदयपुरलगायत जिल्लाका विभिन्न गाउँबाट धामीझाँक्री तथा सर्वसाधारण श्रद्धालु कमला नदीमा स्नान गर्न पुग्ने गर्छन् । त्यस्तै, सीमावर्ती भारतीय क्षेत्र मधुवनी, दरभंगा, समस्तीपुर, जयनगरलगायत स्थानबाट समेत ठूलो संख्यामा भक्तजन आउने गरेका छन् । कतिपय श्रद्धालु एक दिनअघि नै नदी किनारमा पुगेर रात बिताउने गर्छन् भने कतिपय आइतबार साँझदेखि नै बाजागाजासहित समूहमा नदीतर्फ प्रस्थान गर्ने परम्परा छ ।

मेलाको मुख्य आकर्षण धामीझाँक्रीहरूको तान्त्रिक साधना र देवीदेवताको आह्वान गर्ने परम्परा हो । नयाँ पुस्ताका सिकारु धामीझाँक्रीदेखि अनुभवी तथा पाका धामीसम्म आफ्नो धार्मिक तथा सांस्कृतिक विधिअनुसार कमला नदीमा पुग्छन् । उनीहरू मादल, ढोल, झ्याली, करताल र पिपहीजस्ता परम्परागत बाजाको तालमा आफ्ना इष्टदेवताको नाम उच्चारण गर्दै नदी किनारमा साधनामा तल्लीन हुन्छन् ।



पहेँलो धोती र सारीमा सजिएका नयाँ सिकारु धामीझाँक्रीहरू हातमा आगो बालेको माटोको ढकना र बेतको लाठी लिएर नाच्ने, चिच्याउने तथा देवीदेवताको नाम पुकार्ने गर्छन् । कतिपयले आफूमा देवीदेवता प्रवेश गरेको विश्वास गर्दै विभिन्न धार्मिक क्रियाकलाप प्रदर्शन गर्छन् । यस क्रममा मूल धामीले स्थानीय लोकलयमा गीत गाउने परम्परा छ, जसलाई स्थानीय भाषामा 'महराई' भनिन्छ । महराइ, ढोल र झ्यालीको आवाजले नदी किनारको वातावरणलाई थप विशिष्ट बनाउने गरेको छ ।

स्थानीवासीहरुका अनुसार कार्तिक पूर्णिमाका दिन कमला नदीमा स्नान गरेपछि तान्त्रिक विद्या सिद्ध हुने, नयाँ धामीझाँक्रीले दीक्षा प्राप्त गर्ने र देवी कमलेश्वरीबाट आशीर्वाद प्राप्त हुने धार्मिक विश्वास रहेको छ । यस दिन नदीमा स्नान गरेमा भूतप्रेत तथा नकारात्मक शक्तिबाट मुक्ति मिल्ने, घरपरिवारमा सुखशान्ति कायम हुने र मनोकांक्षा पूरा हुने धार्मिक मान्यता पनि रहिआएको छ ।

धामीझाँक्रीको परम्परा अनुसार तान्त्रिक साधना पूरा गर्न यस दिन विशेष विधि तथा मन्त्रको प्रयोग गरिन्छ । मूल धामीले नयाँ सिकारुहरूलाई मन्त्र तथा विधिबारे जानकारी गराउने र दीक्षा दिने चलनसमेत छ । यसरी एक पुस्ताबाट अर्को पुस्तामा तान्त्रिक ज्ञान, धार्मिक विधि र सांस्कृतिक परम्परा हस्तान्तरण हुँदै आएको छ । मिथिला- मधेशका ग्रामीण क्षेत्रमा धामीझाँक्रीलाई 'भगता' भन्ने गरिन्छ । उनीहरूले गाउँघरमा धार्मिक अनुष्ठान गर्ने, देवीदेवताको पूजा गर्ने तथा परम्परागत मान्यताअनुसार विभिन्न समस्या समाधानका लागि झारफुक गर्ने प्रचलन पनि रहेको छ ।

सिरहाका धामी रामप्रसाद यादवले जनाए अनुसार गाउँगाउँमा देवीदेवता प्रवेश भएको विश्वास गरिएका महिला तथा पुरुषलाई समूहमा कमला नदीमा स्नान गराउन ल्याउने गरिन्छ । यस दिन नदीमा स्नान गरेपछि उनीहरूको साधना पूरा हुने र धामी बन्ने प्रक्रिया अगाडि बढ्ने स्थानीय विश्वास छ । त्यसैगरी, बटेश्वर गाउँपालिकाका धामी मनोज महतोले कार्तिक पूर्णिमाका दिन भूतबैताल तथा कुलदेवताको आह्वान गरी स्नान गर्ने परम्परा पुर्स्तौंदेखि चल्दै आएको बताए ।

मेलामा सहभागी सर्वसाधारणले पनि आफ्नो आस्था र विश्वासअनुसार कमला नदीमा स्नान गर्ने तथा पूजापाठ गर्ने गर्छन् । कतिपयले आफूले गरेको भाकल पूरा भएपछि कमलामाईप्रति कृतज्ञता व्यक्त गर्न मेलामा आउने गरेका छन् । महोत्तरीबाट आएकी मालती महतोले आफ्नो मनोकांक्षा पूरा भएपछि कमला नदीमा स्नान गर्न आएको बताइन् । 'मैले भाकल गरेकी थिएँ । मनोकांक्षा पूरा भएपछि यहाँ आएकी हुँ। हामी दुःखकष्टको अन्त्य र सुखशान्तिको कामना गर्दै स्नान गर्छौं,' उनले भनिन् ।

त्यस्तै, स्थानीय श्रद्धालु प्रमोद साहका अनुसार देवीदेवता प्रवेश भएको विश्वास गरिएका व्यक्तिहरू यस दिन कमला नदीमा स्नान गर्न आउने गर्छन् । धार्मिक आस्थाका आधारमा स्नान गर्दा मनोकांक्षा पूरा हुने विश्वास रहेको उनको भनाइ छ ।

यस मेलाको अर्को विशेषता स्नानपछि कमला नदीको पवित्र जल घर लैजाने परम्परा पनि रहेको छ । श्रद्धालुहरूले कमला नदी तथा गंगासागरको जल विभिन्न भाँडामा संकलन गरी घर लैजाने गर्छन् । उक्त जल घरको जमिनमा छर्केर धार्मिक अनुष्ठान तथा पूजापाठका लागि स्थान शुद्ध पार्ने चलन छ । कतिपयले यसलाई घरपरिवारको सुख, शान्ति र समृद्धिको प्रतीकका रूपमा लिने गरेका छन् ।

कमला नदीको सारश्वर, चिकना, बनिनिया, बसपिट्ठा, बरेरबा, फूलबरिया, उत्तरवाहिनी र इनर्वालगायत घाटमा श्रद्धालुहरूको उल्लेख्य उपस्थिति रहने गर्छ । मेलामा सहभागी हुन भारतबाट समेत ट्र्याक्टर, बस, जीपलगायत सवारीसाधनमा भक्तजन आउने गरेका छन् । यसले कमला मेलाको धार्मिक तथा सांस्कृतिक प्रभाव सीमापारिसम्म फैलिएको छ ।



लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८३/०८/०९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ । उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

क.सं.	ऋणीको विवरण
१.	**नाम : चौधरी बिज भण्डार** दर्ता गर्ने निकाय : वाणिज्य आपूर्ति तथा सरक्षर्ण कार्यालय, कलैया, बारा दर्ता नं. : २८११/०७६/०७७, दर्ता मिति : २०७६/०५/०७ पान नं. : ६१२४८२३४०, दर्ता मिति : २०७६/०८/०५ ठेगाना : करैयामाई - ८, बारा, **प्रोप्राइटर : मन्जु देबी चौधरी**
	नाम : मन्जु देवी चौधरी पतिको नाम : दिनेश चौधरी, ससुराको नाम : जानकी दास बातर ठेगाना : करैयामाई - ८, बारा ना.प्र.प.नं. : २०१९/१३०६, जि.प्र.का. बारा, जारी मिति : २०६२/०९/१० **शाखा कार्यालय : वीरगंज**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : मन्जु देवी चौधरी पतिको नाम : दिनेश चौधरी ससुराको नाम : जानकी दास बातर ठेगाना : करैयामाई - ८, बारा ना.प्र.प.नं. : २०१९/१३०६ जि.प्र.का. बारा जारी मिति : २०६२/०९/१०
	२. नाम : अजय चौधरी बाबुको नाम : दिनेश चौधरी बाजेको नाम : जानकी दास बातर ठेगाना : करैयामाई - ८, बारा ना.प्र.प.नं. : ३३-०१-७६-११८३८ जि.प्र.का. बारा जारी मिति : २०७६/१०/२६
	३. नाम : राकेश चौधरी बाबुको नाम : दिनेश चौधरी बाजेको नाम : जानकी दास बातर ठेगाना : करैयामाई - ८, बारा ना.प्र.प.नं. : ३३-०१-७८-११८५० जि.प्र.का. बारा जारी मिति : २०७८/०९/१९
	४. नाम : दिनेश चौधरी बाबुको नाम : जानकी दास बातर बाजेको नाम : हुसेनी दास बातर ठेगाना : करैयामाई - ८, बारा ना.प्र.प.नं. : १५२३२/१५३४/२५६४ जि.प्र.का. बारा जारी मिति : २०५५/०१/२०
	धितोको विवरण
	दिनेश चौधरीको नाममा मालपोत कार्यालय बारामा दर्ता रहेको नरही - १, बारा, स्थित कित्ता नं. २७ को क्षेत्रफल ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण
२.	**नाम : समिर सप्लायर्स** दर्ता गर्ने निकाय : नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. : ३२३२/०७१/७२, दर्ता मिति : २०७१/०५/०६ **संचालक/शेयरधनीहरु/प्रोप्राइटर : हसमत अली साह** **शाखा कार्यालय : लालबन्दी**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : हसमत अली साह बाबुको नाम : मंसुर आलम बाजेको नाम : जाकिर हुसेन साह फकिर ठेगाना : सुन्दरपुर चुहर्वा - ५, सर्लाही हाल : हरीपुर्वा - ११, सर्लाही ना.प्र.प.नं. : १९३०७६/३९७ जि.प्र.का. सर्लाही जारी मिति : २०६३/११/०९
	२. नाम : मंसुर आलम बाबुको नाम : जकिर हुसेन साह फकिर बाजेको नाम : लियाफत साह ठेगाना : सुन्दरपुर चुहर्वा - ५, सर्लाही हाल : हरीपुर्वा - ११, सर्लाही ना.प्र.प.नं. : ९१११२६८१ जि.प्र.का. सर्लाही जारी मिति : २०५०/१०/२५
	३. नाम : मुनैसा खातुन पतिको नाम : हसमत अली साह, ससुराको नाम : मंसुर आलम ठेगाना : बसन्तपुर - ६, सर्लाही, हाल : हरीपुर्वा - ११, सर्लाही ना.प्र.प.नं. : १९-०१-७३-०६००४, जि.प्र.का. सर्लाही, जारी मिति : २०७३/०५/२४
	धितोको विवरण
	१. हसमत अली साहको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता रहेको सन्तपुर बसन्तपुर - ६ ख, सर्लाही स्थित कित्ता नं. १२१८ को क्षेत्रफल ०-०-१३$^{३/४}$ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । २. मंसुर आलमको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता रहेको बसन्तपुर - ६ ख, सर्लाही स्थित कित्ता नं. १२१९ र १६४७ को क्षेत्रफल क्रमशः ०-०-४$^{३/४}$ र ०-०-१०$^{१/२}$ तथा बसन्तपुर - ६ क, सर्लाही स्थित कित्ता नं. ६९६ को क्षेत्रफल ०-४-११ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । ३. मंसुर आलमको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता रहेको इश्वरपुर - १ क, सर्लाही स्थित कित्ता नं. ७०१ को क्षेत्रफल ०-०-१० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण
३.	**नाम : चन्देश्वर थोक तथा खुद्रा किराना पसल** दर्ता गर्ने निकाय : श्री ५ को सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहा दर्ता नं. : १२/२०६२/०६३, दर्ता मिति : २०६२/१२/२८ **संचालक/शेयरधनीहरु/प्रोप्राइटर : रामबाबु महतो कोइरी,** **शाखा कार्यालय : लहान**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : रामबाबु महतो कोइरी बाबुको नाम : लखन महतो कोइरी बाजेको नाम : सुनर महतो ठेगाना : मझौरा - ६, सिरहा हाल : धनगढिमाई - ४, सिरहा ना.प्र.प.नं. : ३०७/५८४२/९८३ जि.प्र.का. सिरहा जारी मिति : २०४४/११/३०
	२. नाम : निलम देवी महतो पतिको नाम : रामबाबु महतो कोइरी ससुराको नाम : लखन महतो कोइरी ठेगाना : फुलकाहाकट्टी - ९, सिरहा हाल : धनगढिमाई - ४, सिरहा ना.प्र.प.नं. : १५३०४९/९१ जि.प्र.का. सिरहा जारी मिति : २०६३/१२/०६
	३. नाम : चन्देश्वर कुशवाहा बाबुको नाम : रामबाबु महतो कोइरी बाजेको नाम : लखन महतो कोइरी ठेगाना : धनगढिमाई - ४, सिरहा ना.प्र.प.नं. : १५-०१-७४/१०८३८ जि.प्र.का. सिरहा जारी मिति : २०७४/१०/१४
	४. नाम : बसन्त कुमार कुशवाहा बाबुको नाम : रामबाबु महतो कोइरी बाजेको नाम : लखन महतो कोइरी ठेगाना : फुलकाहाकट्टी - ९, सिरहा हाल : धनगढिमाई - ४, सिरहा ना.प्र.प.नं. : १५१०४९/२००४८ जि.प्र.का. सिरहा जारी मिति : २०६८/१२/२६
	धितोको विवरण
	रामबाबु महतो कोइरीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको नैनपुर - १ क, सिरहा स्थित कित्ता नं. १३५६ को क्षेत्रफल ०-०-१७-० (विघा), फुलकाहाकट्टी - ९ क, सिरहा स्थित कित्ता नं. १०१३ को क्षेत्रफल ०-०-८-० (विघा) तथा फुलकाहाकट्टी - ६ क, सिरहा स्थित कित्ता नं. १३९० को क्षेत्रफल ०-१-५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण / **व्यक्तिगत जमानत दिनेको विवरण**
४.	**नाम : कृष्ण साह तुरहा** बाबुको नाम : भिखर साह तुरहा बाजेको नाम : विसुन साह तुरहा ठेगाना : गम्हरिया पर्सा - १, रौतहट हाल : चन्द्रपुर - ४, रौतहट ना.प्र.प.नं. : ३४३०३०/२९ जि.प्र.का. रौतहट जारी मिति : २०६३/१२/१७ **शाखा कार्यालय : चन्द्रनिगाहपुर** **नाम : बबिता देवी** पतिको नाम : कृष्ण साह तुरहा ससुराको नाम : भिखर साह तुरहा ठेगाना : गम्हरिया पर्सा - १, रौतहट हाल : चन्द्रपुर - ४, रौतहट ना.प्र.प.नं. : ३४-०१-७४-००५७७ जि.प्र.का. रौतहट जारी मिति : २०७४/०१/१४
	धितोको विवरण
	कृष्ण साह तुरहाको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुरमा दर्ता रहेको चन्द्रनिगाहपुर - १, रौतहट स्थित कित्ता नं. १४ को क्षेत्रफल ०-०-१०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

क.सं.	ऋणीको विवरण
५.	**नाम : छिपहर भवानी हयाचरी माछा फर्म** दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग विभाग दर्ता नं. : ८१६३/०७३/०७४, दर्ता मिति : २०७३/०४/११ ठेगाना : तुलसीबर्वा - १, पर्सा, **प्रोप्राईटर : परमेश्वर महतो केवट**
	नाम : लालबिबी देवी केवट पतिको नाम : प्रमेश्वर महतो केवट ससुराको नाम : झलर महतो केवट ठेगाना : तुलसीबर्वा - २, पर्सा, हाल : छिपहरमाई - ४, पर्सा ना.प्र.प.नं. : ३४-०१-७३-०४५५०, जि.प्र.का. पर्सा, जारी मिति : २०७३/०४/०६ **शाखा कार्यालय : पोखरीया**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : लालबिबी देवी केवट पतिको नाम : प्रमेश्वर महतो केवट ससुराको नाम : झलर महतो केवट ठेगाना : तुलसीबर्वा - २, पर्सा हाल : छिपहरमाई - ४, पर्सा ना.प्र.प.नं. : ३४-०१-७३-०४५५० जि.प्र.का. पर्सा जारी मिति : २०७३/०४/०६
	२. नाम : प्रमेश्वर महतो केवट बाबुको नाम : झलर महतो केवट बाजेको नाम : महादेव महतो केवट ठेगाना : तुलसीबर्वा - २, पर्सा हाल : छिपहरमाई - ४, पर्सा ना.प्र.प.नं. : ९८१४१६५३ जि.प्र.का. पर्सा जारी मिति : २०५२/११/१७
	धितोको विवरण
	१. प्रमेश्वर महतो केवटको नाममा भूमि प्रशासन/मालपोत कार्यालय पोखरीया पर्सामा दर्ता रहेको तुलसीबर्वा - १, पर्सा स्थित कित्ता नं. ३११, ३१२, ४९६ र ७०० को क्षेत्रफल क्रमशः ०५१५, १६७०, २३७१ र ०६५५५.४८ ब.मी. तथा तुलसीबर्वा वडा नं. २, पर्सा स्थित कित्ता नं. १०६ र १०८ को क्षेत्रफल क्रमशः ०१५२.३७ र १६९.३० ब.मी. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । २. लालबिबी देवी केवटको नाममा भूमि प्रशासन/मालपोत कार्यालय पोखरीया पर्सामा दर्ता रहेको तुलसीबर्वा - २, पर्सा स्थित कित्ता नं. २५५ को क्षेत्रफल ३०४७.६३ ब.मी को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण
६.	**नाम : लहान मार्ट प्रा.लि.** दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. : २८७४१८/०७८/०७९, दर्ता मिति : २०७८/१२/१० पान नं. : ६१०२५०५३६, दर्ता मिति : २०७८/१२/१३ **संचालक/शेयरधनीहरु/प्रोप्राइटर : मनिता देवी चौधरी, शाखा कार्यालय : लहान**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : मनिता देवी चौधरी पतिको नाम : संजीव कुमार चौधरी ससुराको नाम : खुशी लाल चौधरी ठेगाना : ब्रम्हानगोर्छारी - ५, सिरहा हाल : लहान - १, सिरहा ना.प्र.प.नं. : १५२००७-९९३३ जि.प्र.का. सिरहा जारी मिति : २०६९/०४/०८
	२. नाम : संजीव कुमार चौधरी बाबुको नाम : खुशी लाल चौधरी बाजेको नाम : अनुप लाल चौधरी ठेगाना : ब्रम्हानगोर्छारी - ५, सिरहा हाल : लहान - १, सिरहा ना.प्र.प.नं. : १३३२७/१०७ जि.प्र.का. सिरहा जारी मिति : २०६३/०४/१६
	३. नाम : गोरे लाल माझि थारु बाबुको नाम : जग्गु माझि थारु बाजेको नाम : गहन लाल माझि थारु ठेगाना : तिनघरीया - १, मोरड हाल : लहान - १, सिरहा ना.प्र.प.नं. : १२९/४३, जि.प्र.का. मोरड जारी मिति : २०४६/०३/०६
	४. नाम : आशा कुमारी चौधरी पतिको नाम : गोरे लाल माझि थारु ससुराको नाम : जग्गु माझि थारु ठेगाना : लहान - १, सिरहा ना.प्र.प.नं. : ४६४/८३७ जि.प्र.का. सिरहा जारी मिति : २०४८/०३/०९
	धितोको विवरण
	१. लाहान मार्ट प्रा.लि.को नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको सिग्राहीमटिअर्वा - ४ ख, सिरहा स्थित कित्ता नं. १२५७ को क्षेत्रफल ०-१-४-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । २. मनिता देवी चौधरी/मनिष कुमार चौधरी/संजीव कुमार चौधरीको संयुक्त नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको ब्रम्हमानगोर्छारी - ९, सिरहा स्थित कित्ता नं. ८६४ को क्षेत्रफल ०-६-९.५-० (विघा) तथा ब्रम्हमानगोर्छारी - २, सिरहा स्थित कित्ता नं. ६५६, ६५९ र ८९ को क्षेत्रफल क्रमशः ०-१-१८-०, ०-९-४-० र ०-१-१-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । ३. लुम्बिनी विकास बैंक धनी भई लाहान मार्ट प्रा.लि. ऋणीको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता कायम रहेको सवारी साधन दर्ता नं. प्रदेश ३-०१-०२२ च ४४५५ रहेको TATA H5XT DISEL थान १ ।
	ऋणीको विवरण
७.	**नाम : बिरेन्द्र गल्ला भण्डार** दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा जनकपुर दर्ता नं. : १७३७/२९६/०६६/०६७, दर्ता मिति : २०६६/०८/२३ ठेगाना : ढल्केवर - ६, धनुषा **प्रोप्राईटर : विरेन्द्र कुमार यादव, शाखा कार्यालय : जनकपुर**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : विरेन्द्र कुमार यादव बाबुको नाम : नन्दलाल यादव बाजेको नाम : रुपलाल यादव ठेगाना : ढल्केवर - ५, धनुषा हाल : मिथिला - ६, धनुषा ना.प्र.प.नं. : २५६६८१९० जि.प्र.का. धनुषा जारी मिति : २०५५/०८/०९
	२. ननाम : सिताराम यादव बाबुको नाम : नन्दलाल यादव बाजेको नाम : रुपलाल यादव ठेगाना : ढल्केवर - ३, धनुषा हाल : मिथिला - ६, धनुषा ना.प्र.प.नं. : २५६६६३९४ जि.प्र.का. धनुषा जारी मिति : २०६१/०३/१८
	३. नाम : मनिषा कुमारी यादव पतिको नाम : सिताराम यादव, ससुराको नाम : नन्दलाल यादव ठेगाना : ढल्केवर - ३, धनुषा, हाल : मिथिला - ६, धनुषा ना.प्र.प.नं. : १७३०९६/१८९९, जि.प्र.का. धनुषा, जारी मिति : २०६३/१०/२०
	धितोको विवरण
	विरेन्द्र कुमार यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको ढल्केवर - ३ ख, धनुषा हाल मिथिला - ६, धनुषा स्थित कित्ता नं. १८२ को क्षेत्रफल ०-१-२-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण / **व्यक्तिगत जमानत दिनेको विवरण**
८.	**नाम : कमल राउत भेडीहर** बाबुको नाम : गोपी राउत भेडीहर बाजेको नाम : सोनफी राउत भेडीहर ठेगाना : धर्मपुर - ३ रौतहट हाल : गढीमाई - ७, रौतहट ना.प्र.प.नं. : ११८७, जि.प्र.का. रौतहट जारी मिति : २०६३/०५/०९ **शाखा कार्यालय : गरुडा** **नाम : गायत्री देवी** पतिको नाम : कमल राउत भेडीहर ससुराको नाम : गोपी राउत भेडीहर ठेगाना : धर्मपुर - ३, रौतहट हाल : गढीमाई - ७, रौतहट ना.प्र.प.नं. : ३२-०१-७६-०४९०३ जि.प्र.का. रौतहट जारी मिति : २०७६/०६/०६
	धितोको विवरण
	कमल राउत भेडीहरको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको धर्मपुर - ७ क, रौतहट स्थित कित्ता नं. ५०८ को क्षेत्रफल ०-०-७ (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

क.सं.	ऋणीको विवरण
९.	**नाम : सिद्धि विनायक रेडिमेड साडी पसल** दर्ता गर्ने निकाय : प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर महोत्तरी दर्ता नं. : ७०९६/७६७/०७७/०७८, दर्ता मिति : २०७७/०९/२६ ठेगाना : पिपरा - ७, महोत्तरी **प्रोप्राईटर : शाम्भवी मिश्र, शाखा कार्यालय : जनकपुर**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : कौशल किशोर मिश्र बाबुको नाम : कामेश्वर मिश्र बाजेको नाम : हरि कृष्ण मिश्र ठेगाना : बनौली दनौली - ८, महोत्तरी हाल : पिपरा - ७, महोत्तरी ना.प्र.प.नं. : १८३०१४/२५९ जि.प्र.का. महोत्तरी जारी मिति : २०३३/०३/२८
	२. नाम : मनोरमा देवी मिश्र पतिको नाम : कौशल किशोर मिश्र ससुराको नाम : कामेश्वर मिश्र ठेगाना : बनौली दनौली - ८, महोत्तरी हाल : पिपरा - ७, महोत्तरी ना.प्र.प.नं. : ज.म.१४९८ जि.प्र.का. महोत्तरी जारी मिति : २०४६/०२/३०
	३. नाम : शाम्भवी मिश्र पतिको नाम : रौशन कुमार मिश्र ससुराको नाम : कौशल किशोर मिश्र ठेगाना : बनौली दनौली - ८, महोत्तरी हाल : पिपरा - ७, महोत्तरी ना.प्र.प.नं. : १८-१-०१४/६३७ जि.प्र.का. महोत्तरी जारी मिति : २०६५/१२/३१
	४. नाम : रौशन कुमार मिश्र बाबुको नाम : कौशल किशोर मिश्र बाजेको नाम : कामेश्वर मिश्र ठेगाना : बनौली दनौली - ८, महोत्तरी हाल : पिपरा - ७, महोत्तरी ना.प्र.प.नं. : ०४३३३३३१ जि.प्र.का. महोत्तरी जारी मिति : २०६३/०३/१६
	५. नाम : रोहित कुमार मिश्र बाबुको नाम : कौशल किशोर मिश्र, बाजेको नाम : कामेश्वर मिश्र ठेगाना : बनौली दनौली - ८, महोत्तरी, हाल : पिपरा - ७, महोत्तरी ना.प्र.प.नं. : १८१०१४/१७६, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६६/०९/१६
	धितोको विवरण
	कौशल किशोर मिश्रको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको बनौली - ९, महोत्तरी स्थित कित्ता नं. ८२१ को क्षेत्रफल ०-०-८-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण
१०.	**नाम : विशेश्वर प्रसाद साह** बाबुको नाम : बुधु साह तेली, बाजेको नाम : रामजी साह ठेगाना : रामपुर जमुवा - ९, सप्तरी, हाल : शम्भुनाथ- १०,सप्तरी ना.प्र.प.नं. : ४११४, जि.प्र.का. सप्तरी, जारी मिति : २०५७/०४/०९ **शाखा कार्यालय : लहान**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : अंजली देवी साह पतिको नाम : विशेश्वर प्रसाद साह बाबुको नाम : जस करण साह ठेगाना : रामपुर जमुवा - ९, सप्तरी हाल : शम्भुनाथ - १०,सप्तरी ना.प्र.प.नं. : ४४४३/१३३९३ जि.प्र.का. सप्तरी जारी मिति : २०६१/०६/०४
	२. नाम : रितेश कुमार साह बाबुको नाम : विशेश्वर प्रसाद साह बाजेको नाम : बुधु साह तेली ठेगाना : शम्भुनाथ - १०,सप्तरी ना.प्र.प.नं. : १६-०१-७९-०७२०७ जि.प्र.का. सप्तरी जारी मिति : २०७९/०६/०५
	३. नाम : अशोक कुमार साह बाबुको नाम : विशेश्वर प्रसाद साह, बाजेको नाम : बुधु साह तेली ठेगाना : शम्भुनाथ - १०,सप्तरी ना.प्र.प.नं. : १६-०१-७९-०७२१४, जि.प्र.का. सप्तरी, जारी मिति : २०७९/०६/०५
	धितोको विवरण
	१. विशेश्वर प्रसाद साहको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता रहेको रामपुर जमुवा - ९, सप्तरी स्थित कित्ता नं. ५९१ र ५९५ को क्षेत्रफल क्रमशः ०-१-५.५-० , ०-१-१३.५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । २. अंजली देवी साहको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता रहेको रामपुर जमुवा - ३ ख, सप्तरी स्थित कित्ता नं. १७३ को क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण
११.	**नाम : गजेन्द्र दास** बाबुको नाम : मोहन दास, बाजेको नाम : सत्यदेव दास ठेगाना : कुशाहालक्ष्मीनीया - ४, सिरहा ना.प्र.प.नं. : ३५५८/३५५, जि.प्र.का. सिरहा, जारी मिति : २०५२/११/२५ **शाखा कार्यालय : लहान**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : गजेन्द्र दास बाबुको नाम : मोहन दास बाजेको नाम : सत्यदेव दास ठेगाना : कुशाहा लक्ष्मीनीया - ४, सिरहा ना.प्र.प.नं. : ३५५८/३५५ जि.प्र.का. सिरहा जारी मिति : २०५२/११/२५
	२. नाम : अन्जन दास बाबुको नाम : गजेन्द्र दास बाजेको नाम : मोहन दास ठेगाना : सुखिपुर - ३, सिरहा ना.प्र.प.नं. : १५-०१-७६-०३१५२ जि.प्र.का. सिरहा जारी मिति : २०७६/०२/२७
	३. नाम : श्रीमती मिन्चु कुमारी साह पतिको नाम : गजेन्द्र दास, ससुराको नाम : मोहन दास ठेगाना : सुखिपुर - ३, सिरहा ना.प्र.प.नं. : ७३५९२७६८, जि.प्र.का. सिरहा, जारी मिति : २०५२/०६/०८
	धितोको विवरण
	गजेन्द्र दासको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको लक्ष्मीनीया प्र.ध. - १, सिरहा स्थित कित्ता नं. ३१४९, ३१०० र ३०८७ को क्षेत्रफल क्रमशः ०-१८-०-४, ०-१-०-० र ०-४-२-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण
१२.	**नाम : पुजा ट्रेडर्स एण्ड सप्लायर्स** दर्ता गर्ने निकाय : प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहा दर्ता नं. : १२८६८/२०७७/०७८, दर्ता मिति : २०७७/०७/२१ **संचालक/शेयरधनीहरु/प्रोप्राइटर : पुनम कुमारी साफी, शाखा कार्यालय : लहान**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : सुरज सिंह रजक बाबुको नाम : जगरनाथ साफी बाजेको नाम : लखन साफी ठेगाना : त.गोविन्दपुर - ५, सिरहा हाल : लहान - ५, सिरहा ना.प्र.प.नं. : १५१००२/४ जि.प्र.का. सिरहा जारी मिति : २०६४/०५/१६
	२. नाम : पुनम कुमारी साफी पतिको नाम : सुरज सिंह रजक ससुराको नाम : जगरनाथ साफी ठेगाना : त.गोविन्दपुर - ५, सिरहा हाल : लहान - ५, सिरहा ना.प्र.प.नं. : १५२००२/१२९४२ जि.प्र.का. सिरहा जारी मिति : २०७०/०३/३१
	धितोको विवरण
	पुनम कुमारी साफीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको पडरीया - ९ क, सिरहा स्थित कित्ता नं. २४९५ र २४९७ को क्षेत्रफल क्रमशः ०-१-२-० र ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

क.सं.	ऋणीको विवरण
१३.	**नाम : देवकी राय** पतिको नाम : रामरतन राय, ससुराको नाम : सुवधराय अमात ठेगाना : भवानीपुर प्र.ध. - ६, सिरहा, हाल : धनगढिमाई - १, सिरहा ना.प्र.प.नं. : १५३०२५/१४९, जि.प्र.का. सिरहा, जारी मिति : २०७०/०२/१४ **शाखा कार्यालय : लहान**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : देवकी राय पतिको नाम : रामरतन राय ससुराको नाम : सुवधराय अमात ठेगाना : भवानीपुर प्र.ध. - ६, सिरहा हाल : धनगढिमाई - १, सिरहा ना.प्र.प.नं. : १५३०२५/१४९ जि.प्र.का. सिरहा जारी मिति : २०७०/०२/१४
	२. नाम : रामरतन राय बाबुको नाम : सुवधराय अमात बाजेको नाम : जुगेश्वर राय ठेगाना : भवानीपुर प्र.ध. - ६, सिरहा हाल : धनगढिमाई - १, सिरहा ना.प्र.प.नं. : १५३०२५/४६ जि.प्र.का. सिरहा जारी मिति : २०६३/११/३०
	३. नाम : राम पुकार राय बाबुको नाम : राम रतन राय, बाजेको नाम : सुवधराय अमात ठेगाना : धनगढिमाई - १, सिरहा ना.प्र.प.नं. : १५-०१-७६-०१४२९, जि.प्र.का. सिरहा, जारी मिति : २०७६/०१/२३
	धितोको विवरण
	रामरतन रायको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको भवानीपुर प्र.ध. - ८, सिरहा स्थित कित्ता नं. २१२४ को क्षेत्रफल ०-२-१०-५ (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण
१४.	**नाम : सुई धागा जनरल स्टोर** दर्ता गर्ने निकाय : मधेश प्रदेश सरकार, उद्योग, पर्यटन तथा वन मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. : १७५७०/२०८०/०८१, दर्ता मिति : २०८०/०५/२९ **संचालक/शेयरधनीहरु/प्रोप्राइटर : खुशबु कुमारी महतो**
	नाम : लुकेश कुमार साह बाबुको नाम : झमेली साह सुडी, बाजेको नाम : किसन शहु सुडी ठेगाना : सोनमती मझौरा - ९, सिरहा, हाल : लहान - १०, सिरहा ना.प्र.प.नं. : १५२००८/९१७३, जि.प्र.का. सिरहा, जारी मिति : २०६९/०१/२५



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

रेलले दुई धामलाई जोड्यो

रामायणमा वर्णित त्रेतायुगकालीन कथा अनुसार माता सीताको प्राकट्य स्थल जनकपुरधाम र भगवान रामको पावन जन्मस्थल अयोध्याधामबीच भारतीय रेलले हाल साप्ताहिक सेवा प्रारम्भ गरेको छ । नेपाल र भारतबीचको सोझो रेल सेवा पहिलो पटक प्रारम्भ भएको छ । रामायण सर्किट अन्तर्गत राखिएको जनकपुरधामलाई रेलमार्गबाट अब जोडिएको छ । यस अघि रामायण सर्किट तिर्थयात्रा अन्तर्गत आउने भारतीय यात्रुहरु सीतामढी जिल्लाबाट बस चढेर जनकपुरधाम आउने गर्थे । अब रेलले दुई धामलाई जोडेसँगै तीर्थयात्रीहरुलाई सोझै जनकपुरधाम आउन सहज हुनेछ । भारतीय तीर्थयात्रीहरु जनकपुरधामको दर्शन र नेपाली तीर्थयात्रीहरुले अयोध्याधामको दर्शन गर्न अब सहज भएको छ । दुई देशको पवित्र तीर्थस्थललाई जोड्ने रेल सेवा सञ्चालनबाट दुई देशका हिन्दू भक्तजनहरुलाइ अत्यन्त सहज भएको छ । दुबै देशका बासिन्दाहरु रेल सेवाबाट अत्यन्त खुशी भएका छन् । नेपालका युवा प्रधानमन्त्री बालेन्द्र साह र उनका भारतीय समकक्षी नरेन्द्र मोदीले संयुक्त रुपमा सेवा शुभारम्भ गरेका रेललाई नियमित बनाउन आवश्यक भएको छ । भारतबाट आउँदा जनकपुरधाममा दुई घण्टा मात्र रोकिएर फर्किदा पर्यटन प्रबर्द्धन संख्यात्मक रुपमा बृद्धि भएको देखिनेछ । तर व्यवसायिक रुपमा जनकपुरधामले खासै उपलब्धि हासिल गर्न सक्ने छैन । कम्तीमा एक राती रेललाई जनकपुरधाममा होल्ड गर्न आवश्यक छ । जनकपुरधाममा रेल एक राति होल्ड भए यात्रुहरुले जानकी महल(जानकी मन्दिर) को अतिरिक्त अन्य पवित्र तीर्थस्थलहरुको दर्शन गर्न पाउने छन् । रेल दुई घण्टा भित्र नै फर्किने भएपछि तिर्थयात्रीहरुले जानकी महल पुगेर मात्र फर्किने छन् । अयोध्यामा भने पाँच दिन रेल रोकिने छ । त्यसले दुवै तीर्थस्थलका यात्रुहरुलाई खासै उपलब्धि हुने छैन । भारतीय तीर्थयात्रुहरु एक डेढ घण्टा भित्र नै फर्किनु पर्ने बाध्यता हुनेछ । नेपाली तीर्थयात्रीहरुले यमुना-कमला रेलमै फर्किन पाँच दिन अयोध्यामा बस्नु पर्ने हुन्छ । यस तर्फ भारतीय रेलवेले ध्यान दिन आवश्यक छ । नेपालमा एक राति र त्यसै अनुपातमा अयोध्यामा पनि एक राति होल्ड हुनुपर्छ । यसो गर्न हप्तामा दुई दिन रेलले सेवा दिन आवश्यक छ । तीर्थयात्रीहरुलाई लक्षित गरी सञ्चालनमा ल्याइएको सरयुग-कमला रेल सेवालाई दुबै धामका लागि उपलब्धिमूलक बनाउन रेलको समय तालिकामा संशोधन गर्न आवश्यक छ । यस अघि भारतीय प्रधानमन्त्री जनकपुरधामको भ्रमणमा आएको बखत तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँगै संयुक्त रुपमा जनकपुरधाम-अयोध्याधाम बस सेवा सञ्चालन गरेका थिए । तर त्यो सेवा केहि महिनामै बन्द भयो । त्यसकारण रेलको समय सीमामा परिवर्तन गरी दुबै धामका कम्तीमा तीर्थयात्रीहरु एक दिन रहने गरी सुधार गर्नु आवश्यक छ ।

क्र.सं.	ऋणीको विवरण
१७.	**नाम : नरेश कुमार झा** बाबुको नाम : भागचन्द्र झा, बाजेको नाम : जागेश्वर झा ठेगाना : घोडघास - ८, धनुषा, हाल : नगराईन - ५, धनुषा ना.प्र.प.नं . : १३५/३२६२८५३६, जि.प्र.का. धनुषा, जारी मिति : २०५५/१०/२४ **शाखा कार्यालय : जनकपुर**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : नरेश कुमार झा बाबुको नाम : भागचन्द्र झा बाजेको नाम : जागेश्वर झा ठेगाना : घोडघास - ८, धनुषा हाल : नगराईन - ५, धनुषा ना.प्र.प.नं. : १३५/३२६२८५३६ जि.प्र.का. धनुषा जारी मिति : २०५५/१०/२४ **२. नाम : रजनी झा** पतिको नाम : नरेश कुमार झा ससुराको नाम : भागचन्द्र झा ठेगाना : घोडघास - ८, धनुषा हाल : नगराईन - ५, धनुषा ना.प्र.प.नं. : १७१०८२/२११४ जि.प्र.का. धनुषा जारी मिति : २०६८/१०/०९
	धितोको विवरण
	नरेश कुमार झाको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता रहेको घोडघास - ८, धनुषा हाल नगराईन - ५, धनुषा को स्थित कि.नं. १०९९ को क्षेत्रफल ०-०-८-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण
१८.	**नाम : श्यामबाबु मुखिया** बाबुको नाम : राम विलास मुखिया, बाजेको नाम : काली मुखिया ठेगाना : राजपुर तुलसी - ४, रौतहट, हाल : यमुनामाइ - ३, रौतहट ना.प्र.प.नं. : ४९३, जि.प्र.का. रौतहट, जारी मिति : २०६२/०४/२७ **शाखा कार्यालय : गौर**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : राम विलास मुखिया पतिको नाम : सन्त मुखिया ससुराको नाम : राम प्रवेश तिवारी ठेगाना : राजपुर तुलसी - ४, रौतहट हाल : यमुनामाइ - ३, रौतहट ना.प्र.प.नं. : ७६३३०४२८ जि.प्र.का. रौतहट जारी मिति : २०३८/०३/२२ **२. नाम : सटही विनीन** पतिको नाम : राम विलास मुखिया ससुराको नाम : काली मुखिया ठेगाना : राजपुर तुलसी - ४, रौतहट हाल : यमुनामाइ - ३, रौतहट ना.प्र.प.नं. : १३२५ जि.प्र.का. रौतहट जारी मिति : २०४४/१२/११
	३. नाम : शैली कुमारी पतिको नाम : श्यामबाबु मुखिया ससुराको नाम : राम विलास मुखिया ठेगाना : यमुनामाइ - ३, रौतहट ना.प्र.प.नं. : ३२-०१-७६-०२५७४ जि.प्र.का. रौतहट जारी मिति : २०७६/०३/०८ **४. नाम : मुकेश कुमार मुखिया** बाबुको नाम : श्यामबाबु मुखिया बाजेको नाम : राम विलास मुखिया ठेगाना : यमुनामाइ - ३, रौतहट ना.प्र.प.नं. : ३२-०१-७६-०५८०७ जि.प्र.का. रौतहट जारी मिति : २०७६/०६/०५
	धितोको विवरण
	राम विलास मुखियाको नाममा मालपोत कार्यालय गौरमा दर्ता रहेको राजपुर तुलसी - ५, रौतहट स्थित कित्ता नं. २७३ को क्षेत्रफल ०-१-१५ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण
१९.	**नाम : सुरेश पासवान** बाबुको नाम : भिखारी हजरा दुसाध, बाजेको नाम : जिमन हजरा दुसाध ठेगाना : सखुअवा धमौरा - ८, रौतहट, हाल : वृन्दावन - ६, रौतहट ना.प्र.प.नं. : १३४४, जि.प्र.का. रौतहट, जारी मिति : २०५८/०३/०४ **शाखा कार्यालय : गरुडा**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : कमोदिया देवी पतिको नाम : सुरेश पासवान ससुरोको नाम : भखारी हजरा दुसाध ठेगाना : सखुअवा धमौरा - ८ रौतहट हाल : वृन्दावन - ६, रौतहट ना.प्र.प.नं. : ३२३०८४/९१४ जि.प्र.का. रौतहट जारी मिति : २०६४/०१/१२ **२. नाम : रजिया देवी दुसाधीन** पतिको नाम : सुरेन्द्र हजरा ससुरोको नाम : भखारी हजरा दुसाध ठेगाना : सखुअवा धमौरा - ८ रौतहट हाल : वृन्दावन - ६, रौतहट ना.प्र.प.नं. : ३२३०८४/९१६ जि.प्र.का. रौतहट जारी मिति : २०६३/१२/०१
	३ नाम : सुरेन्द्र हजरा बाबुको नाम : भिखारी हजरा दुसाध बाजेको नाम : जिमन हजरा दुसाध ठेगाना : सखुअवा धमौरा - ८ रौतहट हाल : वृन्दावन - ६, रौतहट ना.प्र.प.नं. : ३९९६ जि.प्र.का. रौतहट जारी मिति : २०५५/०१/२० **४. नाम : कुन्दन कुमार पसवान** बाबुको नाम सुरेन्द्र हजरा बाजेको नाम : भिखारी हजरा दुसाध ठेगाना : सखुअवा धमौरा - ८ रौतहट हाल : वृन्दावन - ६, रौतहट ना.प्र.प.नं. : ३२-०२-७४-०५३१२ जि.प्र.का. रौतहट जारी मिति : २०७४/१०/२२
	धितोको विवरण
	वहुरी देवी साह सुडीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको सिरसिया - ६, धनुषा स्थित कित्ता नं. १०९१ को क्षेत्रफल ०-०-४-० व.मी. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

क्र.सं.	ऋणीको विवरण
२०.	**नाम : मोकदम मिया मंसुर** बाबुको नाम : महमद सदिक धुनिया, बाजेको नाम : लालघर सदिक धुनिया ठेगाना : सखुअवा धमौरा - ५, रौतहट, हाल : वृन्दावन - ७, रौतहट ना.प्र.प.नं. : १०७३, जि.प्र.का. रौतहट, जारी मिति : २०४४/११/३० **शाखा कार्यालय : चन्द्रनिगाहपुर**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : सगीरा खातुन पतिको नाम : गोनी महमद मिया ससुराको नाम : महमद सदिक धुनिया ठेगाना : सखुअवा धमौरा - ५, रौतहट हाल : वृन्दावन - ७, रौतहट ना.प्र.प.नं. : ३२३०८४/४७७ जि.प्र.का. रौतहट जारी मिति : २०६४/०१/०९ **२. नाम : महमद सदाम हुसेन** बाबुको नाम : मोकदम मिया मंसुर बाजेको नाम : महमद सदिक ठेगाना : सखुअवा धमौरा - ५, रौतहट हाल : वृन्दावन - ७, रौतहट ना.प्र.प.नं. : ३२२०८४-५३४५ जि.प्र.का. रौतहट जारी मिति : २०६७/१२/२४
